Tribhuvan University
# धनकुटा बहुमुखी क्याम्पस
# Dhankuta Multiple Campus
धनकुटा, कोशी प्रदेश, नेपाल
Dhankuta, Koshi Province, Nepal

पत्र संख्या : २०८३/०८४
चलानी नं. : ५६

विषयः काठ लिलाम बिक्रि सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशन मिति २०८३/०४/०८

प्रस्तुत विषयमा, श्री धनकुटा बहुमुखी क्याम्पसको क्षेत्रभित्र ढलापडा अवस्थामा रहेका जम्मा ५० थान रुखहरूको सम्बन्धमा गोप्य बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान प्रक्रियाबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यवसायीले रूखहरू जे जस्तो अवस्थामा छ सोहि अवस्थामा) ढलापडा रूखहरूको हकमा खडा सरह नै मानी (कटान, मुछान, संकलन, ढुवानी तथा घाटगद्दी समेत आफ्नै खर्चमा गर्ने गरी वन नियमावली ,२०७९ को अनुसुचि ६ को द्रष्टव्य) २ (मा उल्लेख भए बमोजिमको राजश्व दर बमोजिम तपसिलको न्यूनतम मूल्य कायम गरी दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । काठ ,दाउरा सम्बन्धि कारोबार गर्ने इच्छुक तथा ***वन नियमावली ,२०७९ को नियम १२८ बमोजिम सुचिकृत भएका*** फर्म वा कम्पनीले यो सूचना मिति २०८३/०४/०८ मा प्रकाशित मितिले २१ औं दिनमा कार्यालय समयभित्र बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खरिद गरी २२ औं दिनमा दिउँसो १२:०० बजे सम्म बोलपत्र तथा शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना आव्हान गरिएको छ । ***साथै बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सो को भोलिपल्ट मान्य हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।*** सोही दिनको दिउँसो ३:०० बजे बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खोलिने व्यहोरा सूचित गरिन्छ ।

तपसिलः

१) वन पैदावारको विवरणः

| लट नं. | प्रजाति | रुख संख्या | काठ क्यू.फि. | दाउरा चट्टा | काठको न्युनतममूल्य रु. (मु.अ.क. बाहेक) | दाउराको न्युनतमरु. ( मु.अ.क. बाहेक) | जम्मा न्यूनतमरु. (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १/२०८२/०८३ दोस्रो पटक सूचना | सिरिस, उत्तिस, सिमल, काईयो, खोटे सल्ला, बडहर, मसला समेतका | ५० | १६३९.२७ | १४.४५ | ३५१५६३/- | ५७८००। - | ४०९३६३/- | धनकुटा बहुमुखी क्याम्पस भित्रका ढलापडा रुख |
| कूल जम्मा | | ५० | १६३९.२७ | १४.४५ | ३५१५६३/- | ५७८००। - | ४०९३६३/- | |

शर्तहरू:

१. बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खरिद, दाखिला र खोल्ने अन्तिम मिति, समय र स्थानः

क) खरिद गर्ने अन्तिम मिति, समय र स्थानः मिति २०८३।०४।२८ गते कार्यालय समय सम्ममा धनकुटा बहुमुखी क्याम्पस धनकुटाबाट खरिद गर्न सकिनेछ ।

ख) दाखिला गर्ने अन्तिम मिति, समय र स्थानः मिति २०८३।०४।२९ गते मध्यान्ह १२:०० बजेसम्म सम्ममा धनकुटा बहुमुखी क्याम्पस धनकुटामा दाखिला गर्नुपर्ने छ

ग) बोलपत्र तथा शिलबन्दि दरभाउपत्र खोल्ने अन्तिम मिति, समय र स्थानः रितपुर्वक पर्न आएको बोलपत्र तथा शिलबन्दी दरभाउपत्र फारमहरू प्रतिनिधिहरू लगायतको रोहवरमा सम्ममा धनकुटा बहुमुखी, धनकुटामा मिति २०८३।०४।२९ गते दिउँसो ३:०० बजे खोलिने छ ।

२. बोलपत्र तथा शिलबन्दि दरभाउपत्र खरिद गर्न ईच्छुक फर्म वा कम्पनीका प्रोप्राइटरले निवेदन सहित बोलपत्र फारम खरिद बापत रू. १०००।— (पछि फिर्ता नहुने गरी) राजश्व रकम बैंक दाखिला गरेको भौचर पेश गरी धनकुटा

बहुमुखी क्याम्पस धनकुटाबाट खरिद गर्न सकिने छ । बोलपत्र तथा शिलबन्दी दरभाउपत्र खरिद गर्न दिईएको निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारको कारोवार गर्ने उद्धेश्यले दर्ता भएको रितपूर्वकको फर्म दर्ताको प्रमाणपत्र, मुल्य अभिबृद्धि करदार्ता (VAT) वा स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी एवंम् यदि प्रोपराईटर स्वंयम उपस्थित नभएमा निजको दस्तखत सहितको ईच्छापत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने छ ।

३. बोलपत्र तथा शिलबन्दि दरभाउपत्र पेश गरेको शिलबन्दी खामको बाहिर पट्टिका बायाँतर्फ आफ्नो नाम, ठेगाना, लट नं. र आ.व. अनिवार्य रूपमा उल्लेख गरी सहिछाप लगाउनु पर्नेछ । उल्लेख नगरेमा त्यस्तो बोलपत्र तथा शिलबन्दी दरभाउपत्र दर्ता हुनेछैन ।
४. जसको नाम बोलपत्र तथा शिलबन्दी दरभाउपत्र फारम बिक्रि भएको हो, उसैको तर्फबाट बोलपत्र तथा शिलबन्दि दरभाउपत्र फारम दाखिला गर्नुपर्नेछ ।
५. बोलपत्रदाताले छुट्टा छुट्टै पेश गरेको बोलपत्र तथा शिलबन्दी दरभाउपत्रको साथमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने धरौटी रकम धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको नेपाल बैंक ल, धनकुटा स्थित खाता नं. मा नगद जम्मा गरेको सक्कलै भौचर वा ६ महिनाभन्दा बढीको नेपाल राष्ट्र बैंकबाट क वर्गको ईजाजत प्राप्त बैंकको बैंक ग्यारेन्टी कागज र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारको कारोवार गर्ने उद्धेश्यले दर्ता भई रितपूर्वकको फर्म दर्ताको प्रमाणपत्र, मुल्य अभिबृद्धि करदार्ता (VAT) वा स्थायी लेखा नंम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली, २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
७. बोलपत्र तथा शिलबन्दी दरभाउपत्र र सो सम्बन्धि कागजातमा बोलपत्र दर्ता वा फर्मको सहिछाप नभई आएमा सो बोलपत्र अमान्य हुनेछ ।
८. रित नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
९. पेश भएको बोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।
१०. लिलाम बिक्रि गरिने रूखहरूबाट कटान पश्चात उत्पादन हुने काठ दाउराको ग्रेडिङ्ग अनुसार नापी मुल्यांकन गर्दा उल्लेखित अनुमानित परिमाण घटबढ हुन सक्नेछ । कम परिमाण निस्केमा पुरै कबोल अंक र मूल्यांकनबाट बढी निस्केमा जति बढि हुन्छ, सो मा कबोल दरको अनुपात अनुसार काठ तथा दाउरा प्रति ईकाइको थप रकम नियमानुसार लाग्ने मु.अ.कर शुल्क समेत दाखिला गर्नु पर्नेछ । रकम दाखिला पश्चात मात्र काठ दाउराको छोडपुर्जि उपलब्ध गराईनेछ ।
११. सकारकर्ताले सकार गरेको रूखहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा कटान, मुछान, घाटगद्दी गरि वन पैदावार संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३ को परिच्छेद १० को २९(२) क बमोजिम गर्नपर्ने र तत् पश्चात सोहि निर्देशिकाको प्रक्रिया अवलम्बन गरी बिमार्का गरी छोडपुर्जि दिइनेछ ।
१२. डिभिजन वन कार्यालय, धनकुटा र निशानदेवी सव डिभिजन वन कार्यालय, कागतेका प्राविधिक कर्मचारीको रेखदेख, निर्देशन र नियन्त्रणमा रहि ठेकेदारले कटन, मुछान गरी घाटगद्दी गर्नु गराउनु पर्नेछ । उत्पादित काठको सुरक्षा व्यवस्था सकारकर्ताले गर्नु पर्नेछ ।

क्याम्पस प्रमुख

१३. लगत बमोजिम छपान भएका रूखहरू मात्र कटान, मुछान र ढुवानी गर्नु पर्नेछ । कटान गर्दा छपान नभएका रूखहरू कटान हुन गएमा, कटानका क्रममा बोटबिरूवा एंवम् वन्यजन्तुको हानी नोक्सानी वा अन्य भौतिक तथा मानविय क्षति हुन पुगेमा सो को सम्पुर्ण जिम्मेवार सकारकर्ता स्वयं हुनेछ ।

१४. खडा रूखको लिलामी बिक्रि सम्बन्धी सम्पुर्ण कार्य वन पैदावार संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३ र प्रचलित कानुनको अधिनमा रहि गरिने छ ।

१५. अन्य शर्तहरूको हकमा प्रचलित आर्थिक ऐन, नियम र निर्देशिका अनुसार हुनेछ । साथै धरौटी रकम फिर्ता लिन लिलाम बिक्रि भएको काठ दाउरा स्थानान्तरण कार्य सम्पन्न गरिसकेपछि निवेदन साथ कर चुक्ता गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

१६. काठ, दाउरा संकलन खर्च, लागत, नियमानुसार लाग्ने कर सकारकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।

१७. बोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत भएको सूचना धनकुटा बहुमुखी क्याम्पस, धनकुटाको सूचना पाटी टाँस गरिनेछ । साथै सो को जानकारी सम्बन्धित सरोकारवालाहरूलाई गराइनेछ । जानकारी पाएपछि स्वीकृत फर्मका सकारकर्ताले गरि सक्नु पर्नेछ । सो अवधि भित्र रकम दाखिला नगर्ने सकारकर्ताले सम्बन्धित लटमा राखेको धरौटी जफत गरिनेछ ।

१८. सकारकर्ताले सकार गरेको पुरै रकम दाखिला गरे पश्चात् मात्र कटान सहमती दिईनेछ ।

१९. यस सुचनामा कुनै संशोधन वा थपघट गर्नु पर्ने भएमा धनकुटा बहुमुखी क्याम्पस, धनकुटाले गर्न सक्नेछ र सो सम्बन्धी विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । अन्य जानकारी लागी कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ईति सम्वत् २०८३ साल साउन ०८ गते रोज ६ शुभम्..............................।

.......................
(होमबहादुर बस्नेत)
क्याम्पस प्रमुख